# शंखरापुर नगरपालिकाको नीति तथा कार्यक्रम

आर्थिक बर्ष २०७४/०७५

नगर सभाका अध्यक्ष ज्यु, तथा सदस्य ज्युहरु

आज हुन गइरहेको यस शंखरापुर नगरपालिकाको गरिमामय प्रथम नीति तथा कार्यक्रम प्रस्तुतिकरण कार्यकमको अध्यक्षता गर्नुहुने नगर प्रमूख ज्यू, कार्यकारी अधिकृत ज्यू, बोर्ड सदस्य तथा नगर सदस्यज्यूहरु एवं उपस्थित महानुभावहरुमा हार्दिक अभिवादन व्यक्त गर्दछु।

सात दशक लामो संघर्षको दौरानमा नेपाली जनताले बिभिन्न समयमा गर्दै आएको ऐतिहासिक जन आन्दोलनको जगमा गठित सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको दोश्रो संबिधान सभाबाट लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था , वहुलबाद, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी,प्रतिनिधिमूलक व्यवस्था,मौलिक अधिकार,नागरिक स्वतन्त्रता सहितको नेपालको संबिधान जारी भएको दोश्रो वर्षमा सम्पन्न स्थानीय तहको निर्वाचनवाट निर्वाचित भई आज यस शंखरापुर नगर सभामा जनताले आफ्नो सरकार आफ्नै घर आंगनमा स्थापित गर्ने अभिलाषालाई साकार बनाउंदै शंखरापुर नगरवासीको पहिलो स्थानीय तहको सरकारको आर्थिक वर्ष २०७४।०७५ को बजेट, नीति तथा कार्यकम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ।

देशमा लोकतन्त्रको स्थापनार्थ शहीदहरुको त्याग र वलिदान तथा शंखरापुर नगरको अस्तित्व कायम राख्न योगदान पुर्‍याउनु हुने सबैमा हार्दिक सम्मान ब्यक्त गर्दछु। शंखरापुर नगरलाई सवल, समृद्ध,समानता र सामाजिक न्याय सुनिश्चित बनाउनका लागि यस नगर सभाले आधारशीला तयार गर्नेछ भन्ने मैले ठानेको छु।अतः यस नगर सभा निर्माण गर्न आफ्नो अमूल्य मत दिई निर्वाचित गर्ने सम्पूर्ण मतदाताहरुमा हार्दिक कृतज्ञताका साथ धन्यवाद दिन चाहन्छु।

५७ बर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको यस न.पा.को २०६८ को जनगणना अनुसार २५३३८ जनसंख्या रहेको छ। यसमा बिभिन्न सास्कृतिक धार्मिक धर्मावलम्वीहरु तथा मिश्रित जात जाति जनजातिको वासोवास रहेको छ। यसको सिमा उत्तरमा सिन्धुपाल्चोक/नुवाकोट जिल्ला पर्दछ भने दक्षिण भक्तपुर/नगरकोट चागुनारायण पर्दछ। पूर्बमा सिन्धुपाल्चोक काभ्रे र भक्तपुर संगम स्थल पर्छ, पश्चिममा कागेश्वरी मनहरा नगरपालिका पर्दछ। नगरका अधिकांस जनता कृषि पेशामा आधारित छन्। शिक्षा, स्वास्थ्य, पर्यटन औद्योगिक र व्यापारिक पूर्वाधार

www.shankharapurmun.gov.np

बहुसांस्कृतिक आवासिय सम्बृद्ध सहरको दीर्घकालिन सोचका साथ यहाँहरु समक्ष यस गरिमामय सभामा नगरपालिकाको तर्फबाट नगरको समग्र विकासको मार्गदर्शनको रुपमा रहने नीति,एवं कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु । यसै अवसरमा हाम्रा हरेक प्रयासहरुमा मार्गदर्शन, सहयोग उपलव्ध गर्नु हुने सवै राजनैतिक दल, वडा नागरिक मन्च, सरोकारवाला, नागरिक समाज, समाजसेबी, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं।

राजधानीबाट करिब १७ किलोमिटर उत्तर पूर्वमा अवस्थित शंखरापुर (साँखु) शहर वा सक्व दे ऐतिहासिक एवं पौराणिक शहर हो । कलिगत सम्बत १८०१ अर्थात ३३ सय बर्ष अगाडि राजा शंखदेवले माता श्री बज्रयोगिनीको निर्देशनमा सात गाउँ मिलाएर हजार घर त्यसमा चाहिने बगैचा, खुला क्षेत्र, चोक, ननी, मन्दिर इनार, धारा, पोखरी आदी राखी दाहिने शंखाकारमा निर्माण गरेका कारण यसलाई शंखरापुर भनिएको हो । तिव्बतसंगको ब्यापारिक मार्ग, यसै ठाउँबाट हुने भएकोले इतिहासमा तीव्बत मूनिको देश अर्थात सक्व देः (नेपाल भाषामा तिव्वतलाई) सँ भनिन्छ र क्वय् भनेको मुनि र देः भनेको देश हो । शंखरापुर (साँखु) शहरमा बसोबास गर्नेहरु पूर्णरुपमा नेवार जातिका भएकाले यहाँका भवनहरु, नेवारी शैलीमा निर्माण गरिएको पाइन्छ र चाड पर्व, रितिरिवाज, नेवारी परम्परा र सँस्कृति अनुसार संचालन भै रहेको पाउँछौं ।

नगरबासीका माग तथा आकांक्षाहरु असिमित हुदा हुँदै पनि हाम्रो सिमित श्रोत साधनबाट ती सबै माग र आकांक्षाहरुलाई एकै आर्थिक बर्षमा पुरा गर्न सम्भव नहुने अबस्था छ । नगरपालिकाको सीमित आय श्रोतका कारण संचालित योजना पुरा गर्न एक आर्थिक बर्षभन्दा बढी नै समय पनि लाग्ने अवस्था छ । अन्य थप योजनाहरु थप गरी पुराना योजनाहरुलाई त्यसै छोड्न पनि नहुने हुँदा पुराना योजनाहरुलाई क्रमागत रुपमा पुरा गरेर मात्र नयां योजनाहरु समावेस गर्दै लानु पर्ने बाध्यात्माक स्थिति रहेको छ । नीति तथा कार्यक्रम तर्जुमा गर्दा सार्वजनिक-निजी-साझेदारी निजी क्षेत्रको सहभागिता, जनसहभागिताको बढी भन्दा बढी संलग्नता जस्ता पक्षलाई समावेश गर्ने प्रयास गरिएको छ । भौगोलिक दृष्टिकोणले पनि सबै वडा तथा समुदायमासन्तुलति योजना निमार्ण गर्नु पर्ने अवस्था छ । ठूला र विकासका पूर्वाधारहरु कम भएका वडामा केही बढी योजना समावेश गर्नु पर्ने यथार्थता पनि हो ।

शंखरापुर नगरमा आर्थिक समृद्धि , हासिल गरीसमतामूलक सामाजिक ब्यवस्था श्रृजना गर्न आवश्यक पूर्वाधारहरु तयार गर्नको लागि निर्वाचनमा जनता समक्ष प्रस्तुत गरिएका योजना, कार्यक्रम र प्रतिबद्धतालाई समेत मध्ये नजर गर्दै जनताका तर्फबाट प्राप्त हुन आएका

www.shankharapurmun.gov.np

मागहरुलाई आवश्यकता अनुरुप प्राथमिकतामा राखी क्रमिक रुपमा गरिने छ । शंखरापुर नगरलाई सम्बृद्ध र समुन्नत न.पा. बनाउन एकिकृत विकासको लागि (Master Plan), नगर प्रोफाइल एवं श्रोत नक्सा तयार कमिक रुपमा गरिने छ। यो नीति तथा कार्यक्रम तयार गर्दानेपाल सरकारको निर्देशन, योजना आयोगको मागदर्शन तथा प्रचलित ऐन कानूनले व्यवस्था गरे अनुसार सहभागितात्मक योजना तर्जूमा प्रकिया अबलम्बन गरी नगरको आन्तरिक स्रोत, नेपाल सरकारबाट र अन्य निकायबाट प्राप्त हुने अनुदानको बजेट सिलिङ्गका आधारमा सहभागितात्मक योजना तर्जूमा प्रकृया अनुसार आगामी बर्षको आय–व्यय को अनुमान तयार गरी नीति कार्यकमस्वीकृत गरी सोही अनुसार आगामि आ.ब. २०७४।०७५ को लागि अनुमानित बार्षिक बजेट तथा नीति कार्यकम स्वीकृतको लागि प्रस्तुत गर्दछु ।

## लक्ष्यः-(**vision**)

शंखरापुर नगरपालिकाको मुटुमा रहेको सांखु बजार आसपासका क्षेत्रमा भैरहेको अव्यबस्थित शहरीकरण, अव्यबस्थित ढल तथा फोहरलाई बृहत्तर शंखरापुर (Greater Shankharapur) को अबधारण बमोजिम स्थानिय तहमा बिद्यमान अवसर तथा चुनौतीहरुलाई एकिकृत शहरी विकासको माध्यमबाट सम्वोधन गरी आधारभूत धार्मिक तथा साँस्कृतिक र आधुनिक शहरी सेवा सुविधा सहित वातावरणिय तथा आवासीय दृष्टिकोणबाट स्वच्छ सहर तथा बज्रयोगिनी, मणिचुड हुँदै जहरसिंह पौवा, झुले, कात्तिके भञ्ज्याङ्ग, विश्वम्भरा नारायणस्थान, शालिनदी लगायतका क्षेत्रलाई कृषि पर्यावरणीय पर्यटकिय व्यवसायी क्षेत्रको रुपमा विकास गर्न तथा प्रसिद्ध तिर्थस्थल शालिनदी, पञ्चमहालक्ष्मी, बज्रयोगिनी, मणिचुड, सलम्वुदेबी इन्द्रायणीलाई धार्मिक पर्यटकिय क्षेत्रका रुपमा विकास गर्ने तर्फ उन्मुख रहेको छ। साथै ५ वर्ष भित्र सम्पुर्ण नगरवासीहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउने र पूर्वाधार पुगेका सडकलाई कालोपत्रे गरि सक्ने लक्ष्य लिईएको छ ।

## उदेश्यः-**(Objective)**

नगरपालिका भएको यो अबसरमा आर्थिक तथा सामाजिक विकासको गति र त्यसले बर्तमानमा पारिरहेको प्रभाव समेतको बिश्लेषणको आधारमा अगाडी सारिएको बृहत्तर शंखरापुर नगरपालिकाको अबधारणा, हाल नगरपालिकाले तर्जूमा गरिरहेका अल्पकालीन मध्यकालीन र दिर्घकालीन लक्ष्य र क्षेत्रगत गुरुयोजना सहितको आवधिक योजनाले परिकल्पना गरेको बातावरणीय तथा आवासिय दृष्टिकोणवाट स्वच्छ, शैक्षिक विकासको दृष्टिकोणबाट सृजनशील

www.shankharapurmun.gov.np

एवं व्यबसाय तथा पर्यटनको दृष्टिकोणबाट सम्बृद्ध नगरको दीर्घकालिन लक्ष्य प्राप्तीका लागि उद्योग, व्यबसाय, शिक्षा स्वास्थ्य, आवास जस्ता क्षेत्रमा अपार संभावनाका साथै चुनौती समेतलाई मध्य नजर राखि राष्ट्रले अंगिकार गरेको दिगो विकास अवधारणा, शहरी पूर्वाधार तथा भौतिक विकास, साहित्य कला, संस्कृति र पर्यटन, शिक्षा स्वास्थ्य र खेलकुद गरीवी न्यूनिकरण तथा सामाजिक परिचालनका माध्यमबाट अति विपन्न र विकासमा पहुँच नभएका परिवारलाई उनीहरुको क्षमता बढाउदै विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्ने । स्थानीय स्तरमा कुनै पनि विकाससँग सम्बन्धित निकाय/संस्थाले सम्बोधन गर्न नसकेका तर समुदायबाट पहिचान भई अति आवश्यक ठहऱ्याई आएका कार्यक्रमलाई स्थानीय स्तरबाटै सम्बोधन गर्ने । राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रबाट लिइएका लक्ष्य, उद्देश्य तथा प्रतिबद्धताहरुलाई स्थानीयस्तरमा कार्यक्रमका माध्यमबाट सम्बोधन गरी स्थानीयकरण गर्ने र बित्तिय तथा संस्थागत विकाससंग सम्बन्धीत नीति तर्जूमा, क्षेत्रगत कार्यक्रम तथा योजनाहरु र केही रणनितिक परियोजनाहरु कार्यान्वयन गरी आर्थिक तथा सामाजिक उन्नतिमा नगरवासीहरुको पहुँच पुऱ्याउनु नै आ.ब. २०७४/०७५ को नीति तथा कार्यक्रमको मूख्य उद्देश्य हुनेछ ।

२०७२ साल बैशाख महिनामा गएको विनासकारी भूकम्पवाट क्षति भएका सार्वजनिक एवं निजी भौतिक संरचनाहरुको पुन: निर्माणमा प्राथमिकताका साथ जोड दिइने छ । भूकम्प प्रभावित लाभग्राहीले लिएको रकमवाट शिघ्र निमार्ण गर्न लगाई छुट भएका लाभग्राही/प्रभावितलाई चाँडै सम्बोधनको प्रयास गरिने छ ।

साँखु बजारलाई भुकम्प पछी सम्पदा क्षेत्रमा सूचिकृत गरिएको हुँदा उक्त ऐतिहासिक ठाउँलाई वास्तुकलायुक्त परम्परागत घर निर्माणको लागि Incentive को व्यवस्था मिलाउने नीति लिइनेछ ।

यस नगरको आर्थिक, सामाजिक अवस्थालाई सवल पार्न चालू आर्थिक वर्षमा संचालित आयोजनाहरु मध्ये नगरवासीको आवश्यकता बमोजिम प्राथमिकता दिई आगामी आर्थिक वर्षमा पनि कार्यान्वयनका लागि आवश्यक श्रोत साधनको व्यवस्था गरिने छ ।

कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा बिकास गर्ने नीति लिइने छ । ठाँउ अनुसार वाली र पशु जन्य उत्पादनमा आत्मनिर्भर हुने व्यवस्थाको बिकास र बिस्तार गरिने छ । कृषकलाई समयानुकूल मलखाद,बीउ बिजन सरल र सुपथ मूल्यमा उपलब्ध गराउने नीति लिइने छ । अत्याधिक मात्रामा प्रयोग भएको विषादी प्रयोगलाई कम गर्दै, नगदे बाली उत्पादन गर्न बिशेष प्रोत्साहन दिइने छ । कृषि उपज उत्पादनको लागि आवश्यक सिंचाईको प्रवन्ध

क्षेत्रगत प्राथमिकताका आधारमा बिस्तार र बिकास गर्ने नीति लिइने छ। पशु पंक्षी तथा कृषि वालीको बीमा गर्न बिशेष कार्यक्रम मार्फत कृषकहरुलाई प्रोत्साहित गरिने छ। आर्थिक तथा सामाजिक रुपले पछि परेका नगरवासी कृषक केन्द्रीत गरी घाटा पूर्तीको ब्यवस्थापन कार्य प्रणाली अप्नाउने नीति क्रमिक रुपमा लागु गरिने छ। कृषि तथा पशु जन्य उत्पादन तर्फ आधुनिकीकरण (यान्त्रिकीकरण समेत),ब्यावसायिकरण र बिबिधीकरण गर्ने तर्फ सचेतना जगाउँदै त्यस तर्फ प्रोत्साहित गर्न आवश्यक प्राविधिक परामर्श दिने ब्यवस्था गरिने छ। उत्पादित कृषि उपज नगरका ब्यापारिक केन्द्रहरुमा संकलन केन्द्रको ब्यवस्था गरिने छ। पशुपालन क्षेत्रमा पशु चिकित्सा केन्द्रको ब्यवस्था गरिने छ। नगरको उपयुक्त ठाउँहरुमा शीतभण्डार निर्माण गर्न प्रोत्साहित गरिने छ।

यस नगर क्षेत्रमा आधारभूत तह सम्मको शिक्षा अनिवार्य गरिनुका साथै माध्यामिक तह सम्मको शिक्षालाई क्रमश निःशुल्क गरिने नीति लिइने छ। माध्यामिक तह पूरा गरी निस्कने बिद्यार्थीहरु आत्मनिर्भर हुन सक्ने बनाउनको लागि सीपयुक्त,ब्यावहारिक शिक्षा प्रदान गर्न माध्यामिक तह सम्मका प्राबिधिक तथा ब्यावसायिक शिक्षाको पहुँच क्रमश बिस्तार गर्न बिशेष कार्यक्रम मार्फत गरिव तथा विपन्न वर्गलाई अध्यापनको ब्यवस्था मिलाइने छ र सीपमूलक तालीमका अवसर निःशुल्क सर्व सुलभ उपलब्ध गराउन बिशेष ब्यवस्था गरिने छ। उल्लेखित शिक्षा नीतिको मूलधारमा बढी भन्दा बढी सीमान्तकृत वर्ग सहभागि बनाउन बिशेष ब्यवस्था गरिनेनछ। नगर क्षेत्रमा आधारभूत र माध्यामिक शिक्षा तहसम्म संचालित बिद्यालयहरुलाई गुणस्तरयुक्त नमुना बिद्यालयको रुपमा संचालन गर्न ब्यवस्थापनमा सुधार गरिने छ।

मौलिक हकको रुपमा संबिधानमा स्थापित आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क प्रदान गर्ने ब्यवस्था गरिने छ। गुणस्तरीय स्वास्थ्य सेवा सवैले सर्व सुलभ रुपमा पाउने सुनिश्चित गर्नका लागि प्रभावकारी कार्यान्वयनको ब्यवस्था र सो को प्रभावकारी अनुगमनको ब्यवस्था गरिने छ। नगरवासी सवैलाई पायक पर्ने गरी सुविधा सम्पन्न २५ शैयाको नगर अस्पताल संचालन गरिने छ।

नगर भित्रका पानीको श्रोतहरुको पहिचान गरी बस्ती स्तरमा एकिकृत खानेपानीका लागि स्वच्छ खानेपानी सहज रुपमा प्रत्येक नगरवासीको पहुँचमा अभिवृद्धि गरिने छ। पानीका मुहान,सिमसार क्षेत्र आदिमा कुनै पनि भौतिक निर्माण कार्य गर्न दिइने छैन। साथै नदी तथा पानीका मुहानमा प्रदुर्षण हुन दिइने छैन। नगर भित्र उत्पन्न हुने फोहरलाई ब्यवस्थित रुपमा संकलन गरी उचित बिसर्जन गर्न ब्यवस्था गरिने छ। नगर क्षेत्रमा ढल निकास

www.shankharapurmun.gov.np

आवश्यकतालाई आधारमा क्रमश प्राथमिकता दिइ प्रवन्ध र ढललाई Treatment Plantराख्ने नीति लिइने छ ।

वातावरण एवम् प्राकृतिक सम्पदाको संरक्षण ,सम्बर्धन गर्ने दायित्व नगरवासीहरुकै हो भन्ने भावनालाई प्रोत्साहित गर्न खनिज सम्पदा, ढुङ्गा, गिटी, वालुवा, माटो आदिको उत्खनन्, प्रशोधन, ओसारपसार कार्यलाई प्रभाकारी ढंगले ब्यवस्थित गरिने छ । बन बिनास, जल उत्पन्न प्रकोपवाट उत्पन्न मानवीय क्षति, नदीद्वारा हुने कटान, भू-क्षय आदि नियन्त्रण गरी प्राकृतिक श्रोत, सम्पदाको जगेर्ना र वातावरणलाई मानव मैत्री वनाउने नीति लिइने छ । साथै शंखरापुर नगरलाई हरीत नगरको रुपमा बिकास गर्न आवश्यक पूर्वाधार तयारको लागि प्रोत्साहित गर्ने नीति लिइने छ । यस नगरपालिका भित्र रहेका वन जंगल संरक्षण गर्न, वातावरण प्रदुषित हुनवाट जोगाउन हाल प्रयोग भइ रहेको इन्धनको विकल्पको लागि अन्य वैकल्पिक उर्जा उत्पादनमा प्रोत्साहन गरिनेछ ।

भूकम्प,आगलागी,वाढी,पहिरो,महामारी जस्ता विपदमा परेकालाई समयमै प्रभावकारी ब्यवस्थापन गर्नका लागि आवश्यक सामग्री तथा उद्धारदस्ताको ब्यवस्था गरिने छ । साथै नगरमा वारुणयन्त्रको ब्यवस्था गरिने छ । शंखरापुर नगरवासीलाई सडक संजालबाट आवत जावतमा सहज गराउने ब्यवस्था गरिने छ । बिगतमा शुरु गरिएका सडक आयोजनाहरु नगरवासीको आवश्यकताको आधारमा क्रमश प्राथमिकता दिई सम्पन्न गर्ने नीति लिइने छ । बिकासको मेरुदण्ड सडक भएको हुँदा सबै सडकका सञ्जालहरुमा दिगोपना दिने, १२ महिना नै सडक सञ्चालन गर्न सबै सडकहरुमा यसै वर्ष सम्पन्न हुने गरि ग्राभेलिङ गर्ने नीति रहेको छ ।

सामाजिक सामरिक महत्वका सडकहरु जहरसिंपौवा - नाङ्लेभभारे- फट्केश्वर मेलम्ची सडक (मनमोहन मार्ग), साँखु- बज्रयोगिनी मन्दिर- घुमारीचोक- मणिचुड– डाडाकटेरी- चौकी भन्ञयाङ सडक, धारापानी- पटाप- कुण्डेश्वर सडक, साँखु -सालिनदी- पालुवारी- विशम्भरा- नगरकोट सडकलाई केन्द्रिय स्तरमा पहल गरी कालो पत्रे गरिने छ ।

आधुनिकतासंगै समाजमा आएका परिवर्तनले जेष्ठ नागरिक, आपाङ्ग, एकल महिलाहरुको जीवनमा उत्पन्न जटिल पीडालाई हृदयंगमन गरी उहॉहरुलाई सम्मान, सुरक्षा गर्नु अहम्

www.shankharapurmun.gov.np

दायित्व लिइ वहाँहरुको जीवन सहज, सरल र आरामदायी बनाउन आवश्यक ब्यवस्था गरिने छ । उहाँहरुलाई दिइ आएको सामाजिक सुरक्षा भत्तासहज ढंगले समयमैउपलब्ध गराउने ब्यवस्था गरिने छ ।

यस नगरमा बसोबास गर्ने बिभिन्न जातजाति, धर्म, संस्कृति, वैभव संम्पदाहरुको संरक्षण,सम्वर्द्धन एवम् बिकास गरी स्वदेशी तथा बिदेशी पर्यटकहरुको आकर्षक केन्द्र बनाइ उत्पादनमूलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार एवम् स्वरोजगार उपलब्ध गराइनेछ । पर्यटन क्षेत्रलाई नगरको आर्थिक सामर्थ्यको प्रमुख आधारको रुपमा बिकास गरिनेछ ।

प्राचिन कालमा साँखु र मित्रराष्ट्र चीनको हालको सिगात्से शहर विचको ऐतिहासिक व्यापरिक सम्बन्धका तथ्य र अभिलेखको अनुसन्धान गरी सोको आधारमा दुई नगरविच भगिनी सम्बन्ध स्थापित गर्न विशेष प्रयत्न गरिने छ।

नगरवासीहरुको आर्थिक समृद्धिको लागि परंम्परागत ब्यवसायलाई संरक्षण, सम्वर्द्धन, आधुनिकीकरण एवम् उचित ब्यवस्थापन गरिनेछ । नगरको उचित ठाँउ पहिचान गरि ब्यापारिक केन्द्रको रुपमा बिकास गरिनेछ । साथै प्रत्येक वडामा आबश्यकता अनुसार बहु-उद्देशीय सामुदायिक भवन निर्माण गरी सेवा बिस्तार गरिनेछ ।

समृद्ध शंखरापुर नगर निर्माणका लागि सार्वजनिक,निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी वनाइनेछ । यस शंखरापुर नगरपालिका भित्र उपयुक्त ठाउं छनौट गरी उद्योग स्थापना गर्न आन्तरिक एवम् वाह्य लगानीकर्ताहरुलाई प्रोत्साहित गर्न आवश्यक नीतिगत, कानूनी, प्रशासनिक साझेदारी सहयोग उपलब्ध गराउनेछ ।

सिपमुलक तालिम लिएका लाई सक्षम बनाई घरेलु तथा साना उद्योग महासंघको सहकार्य तथा साझेदारीमा उद्यमी बनाउन साना-लघु-घरेलु उद्योगको लागि विशेष प्याकेज कार्यक्रम ल्याउने नीति लिइने छ ।

यस नगरपालिका भित्र सम्पादन गरिने हरेक क्रियाकलाप ब्यवस्थित र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिकाका सार्वजनिक प्रशासन,आर्थिक प्रशासन एवम् राजस्व प्रशासनलाई स्वच्छ,

www.shankharapurmun.gov.np

सक्षम, निष्पक्ष,पेशागत अनुशासित बनाइ पारदर्शी, भ्रष्टाचारमुक्त,जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ । यस कार्य प्रति प्रतिवद्ध बनाउन राजनीतिक नेतृत्व र कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ । सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी बनाइनेछ । भ्रष्टाचारजन्य कियाकलाप प्रति शुन्य सहनशीलताको नीति अख्तियारी गरिने छ ।

संविधानले प्रदान गरिएका नगरवासीको मौलिक हक र अधिकारको निर्वाध उपयोगको वातावरण सिर्जना गर्न तदनुकूल आन्तरिक सुरक्षा नीति तर्जुमा गरी नगर प्रहरीको क्षमता अभिवृद्धि, आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ । जस्ले गर्दा मानव अधिकारको सम्मान एवम् सम्वर्द्धन गर्दै यस स्थानिय सरकार द्वारा मानव अधिकारको प्रत्याभूतिलाई जीवन्त दिइनेछ ।

जातजाती,भाषा,धर्म,लिंगको आधारमा कुनै भेदभाव हुन दिइने छैन । महिला, पिछडिएका जात/वर्गलाई सशक्तीकरण गरी मूल प्रवाहमा सहभागिता वृद्धि गर्ने नीति लिइनेछ । न्यायिक समितिवाट सवैले समान न्याय दिलाएको महशुस हुने गरी न्याय सम्पादनलाई प्रभावकारी र विस्वसनीय वनाउने नीति लिइनेछ ।

वालवालिका, युवा र जेष्ठ नागरिकलाई केन्द्रित गरी उपयुक्त ठाउंमा वालवालिकाको लागि वालउद्यान, युवाका लागि सुविधा सम्पन्न आधुनिक रंगशाला एवम् जेष्ठ नागरिकका लागि सुविधायुक्त विश्रामस्थल निर्माण गरिनेछ ।

सञ्चारमा भएको विकासको अनुभूति हुने गरी यस नगरपालिका भित्र सञ्चारका अत्याधुनिक एवम् उच्च प्रविधिलाई प्रयोगमा ल्याइनेछ र शंखरापुरको आफ्नो वा साझेदारीमा एफ.एम. चलाउनको लागि पहल गरिनेछ । शंखरापुर नगरपालिका भित्र हुने गतिविधिहरुलाई वुलेटिन मार्फत सूचना सार्वजनिक गरिनेछ । ईन्टरनेटको पहुँच वडा तथा बस्तीमा विस्तार गर्न नगरपालिकाले नीजि क्षेत्र संग समन्वय गरी कार्य अगाडी बढाउने छ ।

वैदेशिक रोजगारमा उत्साहित युवालाई केन्द्रित गरी उद्यमशीलता,स्वरोजगार वा अन्य आय आर्जन स्वदेशमा नै गर्न सकिन्छ भन्ने ज्ञान व्यवहारमा देखाउने गरी उत्पादनमूलक रोजगारीको अवसर सिर्जना गर्ने तर्फ नीति लिइनेछ ।

यस शंखरापुर नगरपालिका भित्र लगाइने कर न्यायोचित तवरले निर्धारण गरिनेछ । संकलित राजस्व नगरवासीहरुको हितमा पारदर्शी रुपमा प्रभावकारी ढंगले सदुपयोग गरिनेछ ।

www.shankharapurmun.gov.np

यस नगरपालिकावाट प्रस्ताव गरिएका आयोजनाहरु एवम् कियाकलापहरुको कार्यान्वयन समयमा प्रभावकारी ढंगवाट सम्पन्न गर्न कार्यान्वयन क्षमता बृद्धि गर्न आवश्यक प्रशिक्षण एवम् तालीमको ब्यवस्था गरिने छ । साथै आयोजनाहरुको कार्यान्वयन स्थितिवारे समयमै प्रभावकारी र जवाफदेही ढंगको अनुगमनको ब्यवस्था गरिने छ ।

वर्तमानको छोटो समयलाई मध्य नजर गर्दै नीति तथा कार्यक्रमलाई संक्षिप्तमा प्रस्तुत गरिएको छु । नेपाल सरकारबाट प्राप्त हुने बजेटको सिलिङ पुरा नआएको, प्रदेश सरकार नबनेका, आवश्यक कानुनको अभाव रहेको वर्तमान सन्दर्भमा यसैको आधारमा हुने गरि पछि कार्तिक महिना पुन नगर सभामा थप व्यवस्थापन गरि अगाडी बढिने छ ।

अन्तमा,सम्बन्धित निकायमा सिफारिस गर्न पर्ने योजना तथा परियोजना समावेश गर्दै, यस शंखरापुर नगर निर्माणका लागि योगदान पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी जेष्ठ नागरिक, कृषक, मजदुर, युवा, राजनीीतक दल, नागरिक समाज, निजी क्षेत्र, संचारकर्मी, राष्ट्र सेवक कर्मचारी, सुरक्षाकर्मी, गैर सरकारी संस्था, क्लव लगायत सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । जय शंखरापुर

२०७४/३/२७ गते

www.shankharapurmun.gov.np